# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

**गाउँकार्यपालिका निर्णयहरु**

**बैठक नं. १३** **मितिः२०७९-११-२९**

| क्र.स. | निर्णयको व्यहोरा | जिम्मेवार निकाय | कै. |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको मिति २०७९।१०।२४ गते भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । निर्णयहरु पुर्णरुपमा कार्यान्वयनमा ल्याउन अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउने । | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | गत फाल्गुन १ गते आयोजना गरिएको मौराखारा गुरिल्ला म्याराथन भव्य ,सभ्य रुपम भएकोमा सबैलाइ हार्दिक धन्यवाद ज्ञापन गरियो ।साथै पाचौ राष्ट्रिय सानीभेरी मौराखारा गुरिल्ला म्यारथनमा मौराखारा क्षेत्रमा भएको भौतिक पुर्वाधार निर्माण तथा कार्यक्रममा भएको खर्च अनुमोदन गर्ने । | कार्यपालिका | |
| ३ | सानीभेरी गाउँपालिकाको आवधिक योजना निर्माणका लागि परामर्शदाता छनौटका लागि प्रस्ताव आह्वान गर्ने । | पुर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | |
| ४ | सानीभेरी गाउँपालिका भू-उपयोग कार्यविधि २०७९ निर्माणका लागि विज्ञको उपस्थितिमा मस्यौदा माथि छलफल परामर्श तथा आवश्यक राय सुझाव चैत्र १ र २ गते लिने। | स्थानीय भुउपयोग परिषद | |
| ५ | सानीभेरी गाउँपालिका अस्पतालकाको तयार पारिएको भेरिएसन अर्डर स्वीकृत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने । | पुर्वाधार तथा वातावरण व्यवस्थापन शाखा | |
| ६ | सानीभेरी गाउँपालिकाको आ.व. २०७९/८० को तेस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम सम्पुर्ण वडाहरुमा संवत २०८० साल बैशाख महिनामा गर्ने । | सम्पुर्ण वडा कार्यालयहरु र अध्यक्ष उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत | |
| ७ | विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि २०७९ पारित गर्ने तथा स्थानीय राजपत्रमा प्रकाशित पश्चात लागु गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | |



दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ८ | सानीभेरी गाउँपालिकालाइ बालमैत्री स्थानीय शासन घोषणा गरी बालबालिका मैत्री गाउँपालिका बनाउन प्रारम्भिक चरणमा क्रमश वडाहरुबाट सुरुवात गर्ने ।यो आर्थिक वर्षमा सानीभेरी गाउँपालिका वडा नं .९ लाइ बालमैत्री वडा घोषणा गर्ने । | बाल अधिकृत | |
| ९ | सानीभेरी गाउँपालिका भित्रका जनयुद्ध तथा जनआन्दोलनमा घाईते अपाङ्गहरुको छुट विवरण कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरी पठाउने । | बाल अधिकृत र प्रमुख प्रशासकीय अधिकृत | |
| १० | मृगौला प्रत्यारोपण तथा डायलाईसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई मासिक औषधी उपचार खर्च हाललाइ विपत व्यवस्थापन कोषबाट विरामीलाइ उपलब्ध गराइ उक्त प्रयोजनका लागि नेपाल सरकारबाट प्राप्त रकम उक्त कोषमा सोधभर्ना गर्ने । | स्वास्थ्य शाखा | |
| ११ | भैसी स्रोत केन्द्रका दुग्धजन्य पदार्थ भण्डारण तथा प्रशोधन सामाग्री हाललाइ भैसी केन्द्रकै स्वामित्वमा रहने गरी सानीभेरी जनप्रवाह कृषि सहकारी संस्था र दुध संकलन केन्द्रहरुलाइ हस्तान्तरण गर्ने । | पशु सेवा शाखा र जिन्सी व्यवस्थापन शाखा | |
| १२ | कृषि तथा पशु विमा सम्बन्धि सचेतना कार्यक्रम पालिका भरि आयोजना गरी कृषकलाई पशु तथा कृषि वीमा गर्न थप प्रोत्साहित गर्ने । | कृषि तथा पशु सेवा शाखा | |
| १३ | उत्पादनमा आधारित अनुदान उत्पादनमा आधारित अनुदान कार्यविधि २०७९ बमोजिम वडा नं ९ ,७ ,११ मा २०७९ चैत्र ८ गते सम्बन्धित वडामा गई उपलब्ध गराउने । | कृषि तथा पशु विकास शाखा | |
| १४ | सानीभेरी गाउँपालिकामा वडा नं ५ र वडा नं १ मा रिक्त रहेको वडा सचिव पदमा क्रमश असिस्टेन्ट सव इन्जिनियर पवन केसी र विरभान वुढाथोकीलाइ खटाउने । वडा नं ६ को प्राविधिक पदमा असिस्टेन्ट सव इन्जिनियर अर्जुन देवकोटा र वडा नं ७ र ८ को प्राविधिक गगन वलीलाइ खटाउने । | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | सानीभेरी गाउँपालिका पहिचान सहितको लोगो पेश भएका मध्येबाट श्री प्रेम राज चौधरीको स्वीकृत गर्ने । | कार्यपालिका | |



**दिपक बुढाथोकी**
**प्रमुख प्रशासकीय अधिकृत**

सानीभेरी गाउँपालिका